नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र

फोन नं.: ४२००३३५, ४२००३४६
फ्याक्स : ४२००४००
हटलाईट : ४२००३४५
इमेल : navic@nvc.gov.np
info@nvc.gov.np
वेवसाइट: www.nvc.gov.np
सिंहदरबार, काठमाडौं

प.सं. : २०७७/७८
च.नं.: ११०००००००५

मिति: २०७७।०४।२१

विषय:- आ. व. २०७६/७७ को सम्पत्ति विवरण भरी अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने बारे।

श्री जिल्ला समन्वय समिति, (७७ वटै जिल्ला)।
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, (७५३ वटा सबै)।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) मा 'सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानुन वमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने' कार्य यस केन्द्रलाई तोकिएको छ । सोही व्यवस्था अनुरुप हरेक आ.व.मा सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गरे/नगरेको विषयमा तथ्याङ्क संकलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) र राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ वमोजिम पाँच हजार रूपैयाँ जरिवाना सहितको कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने गरिएको छ।

प्रस्तुत विषयमा अघिल्ला आर्थिक वर्षहरूमा झै चालु आ.ब. मा समेत तहाँ समिति/कार्यालयमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक वाहेक) ले आ.ब. २०७६/७७ को सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्यांक संकलन गर्ने प्रयोजनार्थ यस केन्द्रले अनलाईन सफ्टवेयर संचालन गरेको छ । **www.nvc.gov.np** ठेगानाको वेवपेजमा गई **गत आ.व.कै विधि र प्रक्रिया एवं संकेत नाम (Username) र संकेत शब्द (Password)** प्रयोग गरी केन्द्रको अनलाईन सफ्टवेयरमा तहाँ समिति/कार्यालयमा कार्यरत निजामत र स्थायी शिक्षक बाहेकका पदाधिकारी/कर्मचारीहरूले आ.ब. २०७६/७७ को सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्यांक प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० र नेपाल सरकारद्वारा मिति २०७५ असार २० गते नेपाल राजपत्रमा प्रकाशित सूचनाको सि.नं.२४ र २५ मा भएको देहायवमोजिमका व्यवस्थाहरू समेत आवश्यक कार्यार्थ अनुरोध गर्दछु।

| सि. नं. | सार्वजनिक पद | सम्पत्ति विवरण दर्ता गर्नुपर्ने | | सम्पत्ति विवरणको बन्दी खाम | |
|---|---|---|---|---|---|
| | | निकाय | अवधि | राख्ने निकाय | दाखिला गर्नुपर्ने अवधि |
| १ | सबै जिल्ला समन्वय समितिका जनप्रतिनिधि/पदाधिकारी तथा कर्मचारीहरू (निजामती र स्थायी शिक्षक वाहेक) | सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय | २०७७।०५।२८ गतेभित्र। | सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | २०७७/०६/२७ गतेभित्र । |
| २ | सबै स्थानीय तहका जनप्रतिनिधि/पदाधिकारी तथा कर्मचारीहरू (निजामती र स्थायी शिक्षक वाहेक) | सम्बन्धित स्थानीय तहको कार्यालय | २०७७।०५।२८ गतेभित्र । | सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | मिति २०७७/०६/२७ गतेभित्र । |

द्रष्टव्य:

- सम्पत्ति विवरण दर्ता गर्ने तह एवं निकायले आ.व.२०७६/७७ को सम्पत्ति विवरण तोकिएको समयावधि भित्र बुझाउने र नबुझाउनेको नामनामेसी मिति २०७७/०६/२७ गतेभित्र राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन सफ्टवेयरमा अनिवार्य रुपमा इन्ट्री गरिसक्नुपर्नेछ।
- इन्ट्री गरिसकेपछि सफ्टवेयरबाटै नामनामेसी प्रीन्ट गरी सो कागजातसमेत संलग्न राखी मिति २०७७/०६/२७ गतेभित्रै सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सक्कलै बन्दी खाम सहित दाखिला गरिसक्नुपर्नेछ।

२०७७।०४।२१
राजेन्द्रप्रसाद आचार्य
उपसचिव